कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास कार्यालय

जाजरकोट

प.सं.: २०८३/०८४

सूचना नं.: १

प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०६/१४

बिषयः कार्यक्रममा सहभागीताका लागी आवेदन पेश गर्ने सम्बन्धी सूचना।

यस कार्यालयको आर्थिक वर्ष २०८३/०८४ को बार्षिक स्वीकृत तपसिल अनुसारका कार्यक्रम संचालनका लागि यस जिल्लाका ईच्छुक कृषक, कृषि उद्यमी (फर्म वा कम्पनी), कृषक समूह तथा कृषि कार्यमा संलग्न सहकारी संस्थाहरुबाट कार्यक्रममा सहभागीताका लागि आवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले **३५ (पैंतीस) दिन (मिति २०८३/०७/१७ गते)** भित्र वा सो दिन सार्वजनिक बिदा पर्न गएमा अर्को दिन कार्यालय समयमा आवश्यक कागजात संलग्न राखि आवेदन पेश गर्न सूचित गरिन्छ। म्याद नाघी वा रित नपुगी प्राप्त हुन आएका आवेदन उपर कुनै कारवाही हुने छैन। यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको **website: adojajarkot.gov.np**मा हेर्न सकिने र कार्यालयको फोन नं. ०८९-४३०१२५/९८५८०६११२५ मा सम्पर्क गर्न सकिने छ।

तपसिलः

क्र. सं.	आयोजना/कार्यक्रमको नाम	कार्यक्रम संख्या	जम्मा बजेट रु.	कार्यक्रम संचालन क्षेत्र	कैफियत
१	मूल्यवान लोगो प्राप्त गर्ने ब्यापारी, प्रशोधनकर्ता तथा बिक्रेतालाई लेवलिङ्ग, प्याकेजिङ्ग तथा बजारीकरणमा सहयोग कार्यक्रम	२ पटक	१ लाख	जिल्लाभर	• यस अघि मूल्यवान लोगो प्राप्त गरेका मूल्यवान लोगो प्रयोगकर्ता हुनु पर्ने
२	भर्मिकम्पोस्ट बेड निर्माण तथा भर्मी कम्पोस्ट उत्पादन कार्यक्रम	१ संख्या	१ लाख	जिल्लाभर	• ठूला पशु (गोरु, गाई वा भैंसी) कम्तीमा ३ वटा पालन गरेको हुनुपर्ने
३	संरक्षीत संरचना भित्र (बेमौसमी तरकारी, च्याउ खेति) प्रवर्द्धन कार्यक्रम	१० संख्या	४ लाख	जिल्लाभर	• कृषि सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि २०८२ को परिच्छेद ४ को दफा १९ बमोजिम

महेश आचार्य
कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास कार्यालय

जाजरकोट

क्र.सं.	आयोजना/कार्यक्रमको नाम	कार्यक्रम संख्या	जम्मा बजेट रु.	कार्यक्रम संचालन क्षेत्र	कैफियत
४	ओखर बगैंचा स्थापना तथा विस्तार कार्यक्रम	१ पटक	१५ लाख	जिल्लाभर	• कृषि सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि २०८२ को परिच्छेद ४ को दफा १५ बमोजिम
५	सुन्तलाजात फलफूल बगैंचा स्थापना तथा विस्तार कार्यक्रम	१ पटक	२० लाख	जिल्लाभर	
६	नविनतम् फलफूल (किवि, एभोकाडो, हलुवावेद, ड्रागन फ्रुट) प्रवर्द्धन कार्यक्रम	१ पटक	१२० लाख	जिल्लाभर	• कृषि सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि बमोजिम
७	व्यावसायिक कफि बगैंचा स्थापना तथा विकास कार्यक्रम	१ पटक	२ लाख	जिल्लाभर	
८	सुन्तालाजात फलफूल बगैंचा व्यवस्थापन तथा सुदृढिकरण कार्यक्रम	१५ संख्या	७.५ लाख	जिल्लाभर	• कृषि सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि २०८२ को परिच्छेद ४ को दफा १८ बमोजिम
९	फलफूलको प्याकेजिंग तथा लेबलिंगमा सहयोग कार्यक्रम	१ पटक	३ लांख	जिल्लाभर	• लागत अनुदान बढिमा ५० प्रतिशत • फलफूल ढुवानी, भण्डारण, प्याकेजिंग वा लेबलिंगमा प्रयोग हुने सामाग्री माग गर्न सकिने
१०	अकबरे खुर्सानी मिसन कार्यक्रम	१ पटक	५ लाख	जिल्लाभर	• कृषि सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि बमोजिम
११	सहकारी मार्फत आलु उत्पादन तथा प्रशोधन कार्यक्रम भेरी न.पा. ६	१ पटक	१० लाख	भेरी न.पा. ६	• सम्बन्धीत वडामा कार्यक्षेत्र भएको कृषि सम्बन्धी सहकारी हुनुपर्ने
१२	फलफूल नर्सरी श्रोत केन्द्र स्थापना तथा विकास कार्यक्रम	१ संख्या	६ लाख	जिल्लाभर	• कृषि सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि २०८२ को परिच्छेद ४ को दफा १६ बमोजिम

महेश आचार्य
कार्यालय प्रमुख

क्र. सं.	आयोजना/कार्यक्रमको नाम	कार्यक्रम संख्या	जम्मा बजेट रु.	कार्यक्रम संचालन क्षेत्र	कैफियत
१३	मौरी स्रोत केन्द्र स्थापना तथा विकास कार्यक्रम (निरन्तरता)	१ संख्या	२ लाख	गत आ.व. हरुमा स्रोत केन्द्र स्थापना भएको स्थान	• गत आ.व.हरुमा यस कार्यालय मार्फत स्थापना भएका स्रोत केन्द्रको हकमा मात्र • गत आ.व.हरुमा स्थापना भएका स्रोत केन्द्रको निरन्तरता तथा स्तरोन्नती
१४	फलफूल नर्सरी श्रोत केन्द्र स्थापना तथा विकास कार्यक्रम (निरन्तरता)	२ संख्या	२ लाख		

आवश्यक कागजात:

१. कृषि सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि २०८२ को अनुसूची ३ बमोजिमको कार्यक्रम माग निवेदन

२. फर्म, कृषि समूह, कृषि सहकारीको हकमा संस्था दर्ता र नवीकरण भएको प्रमाणपत्र, स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

३. निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

४. कृषि समूह, कृषि सहकारीको हकमा कार्यक्रम माग गर्ने र कार्यालयमा सम्पर्कका लागि आधिकारिक प्रतिनिधि तोकेको निर्णयको प्रतिलिपि

५. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि

६. संस्थाको हकमा गत आर्थिक वर्ष लेखा परिक्षण भएको प्रतिवेदनको प्रतिलिपि

७. सोहि कामका लागि अन्य कार्यालयबाट अनुदान नलिएको स्वघोषणा पत्र/प्रतिबद्धता पत्र

८. प्रस्तावित शिर्षकमा अनुदान आवश्यक भएको व्यहोरा खुल्ने स्थानीय तहको सिफारिस पत्र

९. हालको कृषि व्यवसाय पुस्टयाई गर्ने रंङ्गिन फोटोहरु (फलफूल नर्सरी, फलफूल बगैंचा, तरकारी बारी आदि)

१०. आवेदन पेश गर्दा अनुदानग्राहीले एक लाख रुपैयाँ देखि पाँचलाख रुपैयाँ सम्म अनुदान माग गरेका कार्यक्रमका लागि एक सय रुपैयाँ र सो भन्दा बढी अनुदान माग भएको कार्यक्रमका लागि पाँच सय रुपैयाँ निवेदन दस्तुर कार्यालयको राजश्व खातामा बुझाएको बैंक भौचर वा नगद रसिद पेश गर्नु पर्नेछ

महेश आचार्य
कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

कृषि विकास कार्यालय

जाजरकोट

प.सं.: २०८३/०८४ प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०६/१४

सूचना नं.:३

विषयः कार्यक्रममा सहभागीताका लागी आवेदन पेश गर्ने सम्बन्धी सूचना।

यस कार्यालयको आर्थिक वर्ष २०८३/०८४ को बार्षिक स्वीकृत तपसिल अनुसारका कार्यक्रम संचालनका लागि यस जिल्लाका ईच्छुक **कृषक तथा कृषि उद्यमी (फर्म वा कम्पनी)** बाट कार्यक्रममा सहभागीताका लागि आवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले **३५ (पैंतीस) दिन (मिति २०८३/०७/१७ गते) भित्र** वा सो दिन सार्वजनिक बिदा पर्न गएमा अर्को दिन कार्यालय समयमा आवश्यक कागजात संलग्न राखि आवेदन पेश गर्न सूचित गरिन्छ। म्याद नाघी वा रित नपुगी प्राप्त हुन आएका आवेदन उपर कुनै कारवाही हुने छैन। यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको **website: adojajarkot.gov.np**मा हेर्न सकिने र कार्यालयको फोन नं ०८९-४३०१२५/९८५८०६११२५ मा सम्पर्क गर्न सकिने छ।

तपसिलः

क. सं.	आयोजना/कार्यक्रमको नाम	कार्यक्रम संख्या	जम्मा बजेट रु.	कार्यक्रम संचालन क्षेत्र	कैफियत
१	उत्पादनमा आधारित विभिन्न बालीको प्रोत्साहन कार्यक्रम (रैथाने/स्थानीय बाली, तरकारी, मौरी, फलफूल, मसलावाली, आलुबाली)	१ पटक	१० लाख	जिल्लाभर	• कृषि सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि २०८२ को परिच्छेद ४ को दफा १७ बमोजिम
२	गत आ.व. मा स्थापित फलफूल बगैंचामा विरुवा संख्याको आधारमा प्रोत्साहन अनुदान कार्यक्रम	१ पटक	५ लाख	जिल्लाभर	• कृषि सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि २०८२ को परिच्छेद ४ को दफा १५ बमोजिम • गत आ.व. मा यस कार्यालय मार्फत स्थापना भएका बगैंचाहरुको हकमा मात्र

महेश आचार्य
कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास कार्यालय
जाजरकोट

आवश्यक कागजातः

१. कृषि सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि २०८२ को अनुसूची १२ बमोजिमको कार्यक्रम माग निवेदन र विवरण

२. फर्मको हकमा संस्था दर्ता र नवीकरण भएको प्रमाणपत्र, स्थायी लेखा नम्बर, कर चुक्ता प्रमाणपत्र र निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि सहित उत्पादन रेकर्ड

३. कृषकको हकमा नागरिकता प्रमाणपत्र र स्थायी लेखा नम्बरको प्रतिलिपि

४. अन्य कुनै पनि कार्यालय वा निकायबाट एकै प्रकृतिको अनुदान प्राप्त नगरेको वा अनुदानमा दोहोरोपना नभएको स्थानीय तहको सिफारिस पत्र

५. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि

६. सोहि कामका लागि अन्य कार्यालयबाट अनुदान नलिएको स्वघोषणा पत्र/प्रतिबद्धता पत्र

७. सम्बन्धीत बाली उत्पादनको पुस्टयाई गर्ने रङ्गिन फोटोहरु

कृषि सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि २०८२ को अनुसूची-१३ (दफा १७ को उपदफा (३) सँग सम्बन्धित) बमोजिम प्रोत्साहन अनुदानको सिमा

क्र. सं.	विवरण	न्यूनतम क्षेत्रफल र सङ्ख्या	प्रोत्साहन अनुदान रकम	कैफियत
१.	तरकारी तथा मसला बाली (अदुवा, बेसार, खुर्सानी, लसुन, प्याज)	पाँच रोपनी	बीस हजार रुपैयाँ	पाँच रोपनी भन्दा बढी भएमा प्रति रोपनी दुई हजार रुपैयाँका दरले बढीमा पचास हजार रुपैयाँसम्म।
२.	रैथाने बाली वस्तु (फापर, कोदो, चिनो, कागुनो, लट्टे,)	प्रति बाली पाँच रोपनी	पन्ध्र हजार रुपैयाँ	
३.	फलफूल	• आँप, लिची, ओखर र एभोकाडो- पचास बोट • स्याउ, सुन्तलाजात एक सय, अन्य (किवी, केरा, ड्रागन फ्रुट) फलफूल पाँच रोपनी	बीस हजार रुपैयाँ	• यसभन्दा बढी फल्ने बिरुवामा प्रति बिरुवा रु. एक सय पचासका दरले थप गरि प्रति कृषक अधिकतम पचास हजार रुपैयाँसम्म। • पाँच रोपनीभन्दा बढी क्षेत्रफलका लागि प्रति रोपनी दुई हजार रुपैयाँको दरले पचास हजार रुपैयाँसम्म
४.	मौरीपालन	सेरेना प्रजातीः बीस घार (आधुनिक वा मुढे) गोला सहित	बीस हजार रुपैयाँ	न्यूनतम घार भन्दा बढी भएमा प्रति घार एक हजार रुपैयाँका दरले बढीमा पचास हजार रुपैयाँ सम्म

आचार्य
कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास कार्यालय
जाजरकोट

प.सं.: २०८३/०८४
सूचना नं: ४

प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०६/१४

बिषयः जिल्लास्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रममा सहभागीताका लागी आवेदन पेश गर्ने सम्बन्धी सूचना।

यस कार्यालयको आ.व. २०८३/०८४ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार जिल्लास्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रमका लागी व्यावसायीक कृषकहरुबाट निवेदन पेशका लागी यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले **३५ (पैंतीस)** दिन (मिति २०८३/०७/१७ गते) भित्र र उक्त दिन सार्वजनिक विदा पर्न गएमा अर्को दिन कार्यालय समयमा कार्यक्रममा सहभागिताका लागि आवश्यक कागजात सहित अनुसूचि-१८ अनुसारको फाराम यस कार्यालयमा पेश गर्न सूचित गरिन्छ। म्याद नाघेको वा रित नपुगी प्राप्त हुन आएका निवेदन उपर कुनै कारवाही हुने छैन। यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको **website: adojajarkot.gov.np**मा हेर्न सकिने र कार्यालयको फोन नं ०८९-४३०१२५/९८५८०६११२५ मा सम्पर्क गर्न सकिने छ।

तपसिलः

क्र. सं.	आयोजना/ कार्यक्रमको नाम	न्यूनतम मापदण्डहरु	कैफियत
१.	जिल्लास्तरीय उत्कृष्ट कृषक पुरस्कार कार्यक्रम	१. खाद्यान्न बाली, फलफूल, तरकारी, आलु, मसलाबाली तर्फ न्यूनतम **पाँच** रोपनी तथा सघन खेती गरिएको फलफूलमा २.५ रोपनीमा खेती गरेको हुनुपर्ने। सिताके च्याउः पाँचसय मुढा, कन्ने च्याउः वार्षिक एक हजार गोला उत्पादन गरेको हुनुपर्ने। मौरीपालनः पचास घार २. उन्नत तथा सुधारिएको खेती प्रविधि अवलम्बन गरिएको हुनु पर्ने। ३. एकपटक सर्वोत्कृष्ट र उत्कृष्ट कृषक पुरस्कार प्राप्त गरिसकेका कृषकलाई पाँच वर्षसम्म पुनःयस कार्यक्रममा सहभागी गराईने छैन।	➢ प्रथम पुरस्कारः १ जना रु. तीस हजार रुपैंया तथा सम्मान पत्र ➢ द्वितीय पुरस्कारः १ जना रु पच्चीस हजार रुपैंया तथा सम्मान पत्र ➢ तृतीय पुरस्कारः १ जना रु बीस हजार रुपैंया तथा सम्मान पत्र

महेश आचार्य
कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास कार्यालय
जाजरकोट

आवश्यक कागजात:

१. कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (संचालन तथा ब्यबस्थापन) कार्यविधि २०८१ को अनुसूचि १८ अनुसारको निवेदन तथा पुर्ण विवरण भरिएको फाराम
२. निवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
३. तालिम, पुरस्कार तथा सम्मान सम्बन्धीका प्रमाण पत्रको प्रतिलिपि
४. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि
५. स्वघोषणा पत्र, प्रतिबद्धता पत्र
६. प्रस्तावित कार्यक्रमका लागि आवेदक उपयुक्त भएको व्यहोरा खुल्ने सम्बन्धीत कृषि विकास शाखाको सिफारिस पत्र
७. पासपोर्ट साईजको फोटो एक प्रति र खेती तथा व्यवसाय पुस्ट्याई गर्ने रंङ्गिन फोटोहरु

महेश आचार्य
कार्यालय प्रमुख

फोन नं. ०८९-४३०१२५
website: www.adojajarkot.gov.np ईमेल : akcjajarkot@gmail.com

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास कार्यालय
जाजरकोट

प.सं.: २०८३/०८४ प्रथम पटक सूचना प्रकाशित मितिः २०८३/०६/१४
सूचना नं.: ५

बिषयः कृषि यान्त्रिकिकरण कार्यक्रममा सहभागीताका लागी आवेदन पेश गर्ने सम्बन्धी सूचना।

यस कार्यालयको आर्थिक वर्ष २०८३/०८४ को बार्षिक स्वीकृत तपसिल अनुसारका कार्यक्रम संचालनका लागि यस जिल्लाका ईच्छुक कृषक, कृषि उद्यमी (फर्म वा कम्पनी), कृषक समूह तथा कृषि कार्यमा संलग्न सहकारी संस्थाहरुबाट कार्यक्रममा सहभागीताका लागि आवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशन भएको मितिले ३५ (पैंतीस) दिन (मिति २०८३/०७/१७ गते) भित्र वा सो दिन सार्वजनिक बिदा पर्न गएमा अर्को दिन कार्यालय समयमा आवश्यक कागजात संलग्न राखि आवेदन पेश गर्न सूचित गरिन्छ। म्याद नाघी वा रित नपुगी प्राप्त हुन आएका आवेदन उपर कुनै कारवाही हुने छैन। यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको **website: adojajarkot.gov.np**मा हेर्न सकिने र कार्यालयको फोन नं ०८९-४३०१२५/९८५८०६११२५ मा सम्पर्क गर्न सकिने छ।

तपसिलः

क्र. सं.	आयोजना/कार्यक्रमको नाम	जम्मा बजेट रु.	कार्यक्रम संचालन क्षेत्र	कैफियत
१	कृषि उत्पादन, प्रशोधन तथा बजारिकरण सँग सम्बन्धित मझौला तथा ठुला मेशिनरी औजारमा सहयोग कार्यक्रम	१० लाख	जिल्लाभरका व्यवसायिक उत्पादन क्षेत्र	• कृषि उत्पादन (जमिन तयारी) र उत्पादनोपरान्त कार्यका लागि प्रयोग हुने मेशिनरी औजार, यन्त्र, उपकरणको माग गर्न सकिने • कृषि सम्बन्धी कार्यक्रम (संचालन तथा व्यवस्थापन) कार्यविधि २०८२ को परिच्छेद ४ को दफा १४ बमोजिम

महेश आचार्य
कार्यालय प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास कार्यालय
जाजरकोट

आवश्यक कागजातः

१. कार्यक्रम माग निवेदन
२. फर्म, कृषि समूह, कृषि सहकारीको हकमा संस्था दर्ता र नवीकरण भएको प्रमाणपत्र, स्थायी लेखा नम्बर र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
३. निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि
४. कृषि समूह, कृषि सहकारीको हकमा कार्यक्रम माग गर्ने र कार्यालयमा सम्पर्कका लागि आधिकारिक प्रतिनिधि तोकेको निर्णयको प्रतिलिपि
५. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाणपत्रको प्रतिलिपि
६. संस्थाको हकमा गत आर्थिक बर्ष लेखा परिक्षण भएको प्रतिवेदनको प्रतिलिपि
७. सोहि कामका लागि अन्य कार्यालयबाट अनुदान नलिएको स्वघोषणा पत्र/प्रतिबद्धता पत्र
८. कृषि व्यवसायका लागि यन्त्र उपकरण अति आवश्यक भएको व्यहोरा खुल्ने स्थानीय तहको सिफारिस पत्र
९. हालको कृषि व्यवसाय पुस्टयाई गर्ने रंङ्गिन फोटोहरु
१०. आवेदन पेश गर्दा एक लाख रुपैयाँ भन्दा बढीको अनुदान माग गरेमा रु. एक सय रुपैयाँ निवेदन दस्तुर कार्यालयको राजश्व खातामा बुझाएको बैंक भौचर वा नगद रसिद पेश गर्नु पर्नेछ

महेश आचार्य
कार्यालय प्रमुख

फोन नं. ०८९-४३०१२५
website: www.adojajarkot.gov.np ईमेल : akcjajarkot@gmail.com